# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २१ असार २०८०

# बिहीवार

# बैठक सङ्ख्या- २३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

(१३:०३ बजे) (प्रमुख प्रतिपक्ष नेकपा एमालेका माननीय सदस्यहरूले टेबुल ठोक्दै आआफ्नो आसनअगाडि उभिनुभएको ।)

माननीय सदस्य । के छ? भैरव सुन्दर श्रेष्ठ सङ्क्षेप आफ्नो भनाइ राख्नुस् ।

(१३:०३ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले केही कुराहरू राख्न गइरहेको छु । यही असार १८ गते हाम्रो देशको सम्माननीय प्रधानमन्त्री एउटा भारतीय मूलका नेपालमा बस्ने प्रीतम सिंहको अठासीऔं जन्म अवसरको सन्दर्भमा उनकी छोरीले एउटा किताब निकाल्नुभ'को थियो अथवा पुस्तक निकाल्नुभ'को थियो Roads to the Valley: The Legacy of Sardar Pritam Singh in Nepal भनेर ।

त्यो पुस्तक विमोचन गर्ने सिलसिलामा सम्माननीय प्रधानमन्त्री जानुभ'को थियो । र त्यो पुस्तकको विमोचननपश्चात् सम्माननीय प्रधानमन्त्रीज्यूले राखेका कुराहरू मलाई प्रधानमन्त्री बनाउने सिलसिलमा प्रीतम सिंहजीले निकै ठुलो मेहनत गर्नुभ'को थियो । त्यो मेहनत दिल्लीमा धेरै पटक धाउनुभ'को थियो । र नेपालका केही नेता र पार्टीहरूलाई पनि उहाँले संवाद गराउनुभ'को थियो भनेर त्यसरी उहाँले नेपालको स्वाभिमान, नेपालको राष्ट्रियता, नेपालको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनतासमेतलाई आँच पुग्ने गरी जुन कुरा राख्नुभ'को थियो, त्यसप्रति आज सारा नेपालीहरू हामी दुःखी छौं । र सामाजिक सञ्जालमा हेर्ने हो भने हाम्रो देशको प्रधानमन्त्री नेपालको सार्वभौमसत्ता सम्पन्न सदनले बनाउने प्रधानमन्त्री दिल्लीको निर्देशनमा, दिल्लीको आदेश र निर्देशनमा बन्दो रहेछ भन्ने खालको कुराहरू भ'को छ र यसले हामी सबै नेपालीहरूको स्वाभिमान चैं गिरेको छ ।

र यही कुरामा म सम्माननीय अध्यक्षज्यूमार्फत म संविधानमा भएका कुराहरू राख्न चाहन्छु । संविधानको धारा ५ मा राष्ट्रिय हितसम्बन्धी व्यवस्था गरिएको छ । त्यसमा के लेखिएको छ भन्दा उपधारा (१) मा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता र स्वाभिमान र नेपालीको हक हितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्ध नेपालको राष्ट्रिय हितका आधारभूत विषय हुने छन् भनेर प्रष्ट व्यवस्था गरेको छ । त्यसैको उपधारा (२) मा राष्ट्रिय हित प्रतिकूल आचरण र कार्य संघीय कानुनबमोजिम दण्डनीय हुनेछ भनेर प्रष्ट यसमा लेखिएको छ । सम्माननीय प्रधानमन्त्रीज्यूले संविधानमा व्यवस्था भ'का कुराहरूलाई समेत बिर्सिएर यसरी देशको प्रधानमन्त्री चयन गर्ने सिलसिलामा मेरो निम्ति थुप्रै पटक भारत गएर सम्बन्ध कायम गर्नुभ'को थियो, धाउनुभ'को थियो, जानुभ'को थियो भन्ने कुरा राख्नुभएछ । यही सन्दर्भमा हिजो पनि हामीले आफ्नो पार्टीको आधिकारिक धारणा यस्तो व्यक्ति, यस्तो प्रधानमन्त्रीको रूपमा रहनका निम्ति यो खालको आचरण नगर्ने व्यक्ति प्रधानमन्त्रीको कुर्सीमा बस्न सुहाउँदैन । नैतिकताको आधारले उहाँले राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ भन्ने कुरो नेकपा एमालेको संसदीय दलको धारणा हिजो हामीले सार्वजनिक गरिसक्या छौं । आज फेरि पनि हामी कुनै रहरले आज सदन बन्द गर्न गएका छैनौं र आफ्ना विरोध राख्न गइरहेका छैनौं । हामी बाध्य छौं । देशको सार्वभौमिकता, देशको स्वाधीनता र स्वाधीन राष्ट्रलाई आँच आउने गरी यस्तो कुनै पनि व्यक्तिबाट कुरा हुन्छ भने त्यो नेकपा एमालेको निम्ति सह्य हुँदैन, आमनागरिको निम्ति पनि सह्य हुने विषय हुँदैन ।

यही सन्दर्भलाई लिएर फेरि आज पनि यो कार्यसूची जसरी अगाडि बढाइएको छ, सम्माननीय अध्यक्षज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु । सबैभन्दा ठुलो देश हो । देशभन्दा

ठुलो केही पनि हुन सक्दैन । हामी विनियोजन शीर्षकमा भएका जति पनि कुराहरू छन्, त्यसका छलफल गर्नका निम्ति हामी यहाँ आउने सहभागी भएर कार्यक्रममा अगाडि बढेका थियौं, सदनमा आफ्ना कुराहरू राख्या थियौं । र त्यो देशको, यो कुराभन्दा पनि देशको हित अनुकूल हुने गरी बोल्नुपर्नेमा देशको अहित हुने गरी, सार्वभौमसत्ताको अपमान हुने गरी, स्वाधीन राष्ट्रको अपमान हुने गरी हाम्रो देशको प्रधानमन्त्री कुन देशबाट निर्देशन हुन्छ? कसबाट परिचालित हुनुहुन्छ? कोबाट चैं उहाँ निर्देशित भएर चल्नुभा'को छ? यो हामीलाई दुःखको कुरा हो ।

यही सन्दर्भमा आफूलाई पटक पटक प्रधानमन्त्री बन्नका निम्ति भारतको निर्देशन चाहिन्छ, भारतको सल्लाह सुझाव चाहिन्छ भन्ने ढङ्गले मेरो निम्ति धेरै पटक धाउनुभ'को भनेर प्रीतम सिंहको हवला गरेर उहाँले पटक पटक भन्नुभ'को छ, अस्ति पनि १८ गते पनि भन्नुभ'को छ । त्यसलाई सच्याउने क्रममा हिजो १९ गते पनि भन्नुभ'को छ । आज पनि उहाँले बोलिराख्नुभ'को छ । यसले गर्दाखेरि यस्तो प्रधानमन्त्री देशको निम्ति प्रधानमन्त्रीको कुर्सीमा बस्न लायकको हुनुहुन्न । उहाँले तत्काल राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ भन्ने कुरा नेकपा एमालेको संसदीय दलकै तर्फबाट मैले आफ्नो धारणा राख्न राखिरहेको छु । म यही कुरा जानकारी गराउँदै यो सदनलाई कामलाई अगाडि नबढाइयोस् । यही भन्न चहान्छु । धन्यवाद ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिनुभएको ।)

(१३:०८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, यहाँहरूले हिजो पनि यो विषयलाई उठाएर सदन अवरुद्ध भा'को छ । र निरन्तर सदन अवरुद्ध गर्नुभन्दा निरन्तर संवाद गर्ने वातावरण बनाऔं । सदन पनि चल्दै जाने, संवाद पनि हुँदै जाने र त्यसले सकारात्मक निष्कर्ष पनि निकाल्न सक्छ । यसकारण माननीयहरूलाई म बस्न आग्रह गर्दछु । हाम्रा नियमित कार्यसूचीमा हामी प्रवेश गरौं । र संवादलाई अगाडि बढाउने गरीकन यो विषयलाई लिएर जाऔं भनेर म भन्न चाहन्छु ।

माननीयहरू बस्दिनुस् । यहाँहरू खडा भइरहँदा हामीले नियमित कार्यसूचीमा प्रवेश गर्न अप्ठ्यारो पर्छ । यसकारण बसेर नियमित विषयमा हामीलाई प्रवेश गर्न सहज बनाउन फेरि पनि म आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिनुभएको ।)

**सम्माननीय अध्यक्ष**:- माननीयज्यूहरू उभिएर मात्रै समस्याको समाधान हुँदैन होला । यसकारण प्रधानमन्त्रीज्यूलाई यो सदनमा उपस्थित गराएर उहाँको भनाइ के थियो? उहाँको भनाइ सुन्ने वातावरण बनाऊँ । त्यसपछि अगाडि बढ्न अझ राम्रो होला । म माननीयज्यूहरूलाई बस्न आग्रह गर्दछु । र वातावरण सहज हुँदा प्रधानमन्त्रीलाई यहाँ बोलाएर उहाँले आफ्ना कुराहरू यो बैठकमा राख्ने त्यो वातावरण मिलाऊँ । यसको लागि म फेरि पुनः माननीयहरू आफ्नो आसन ग्रहण गर्नको लागि अनुरोध गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिनुभएको ।)

**सम्माननीय अध्यक्ष**:- बसौं माननीय, बसौं । सदनलाई सुचारु गरौं । संवादबाट नै कुनै पनि समस्याको समाधान हुन्छ । निकास पनि त्यहाँबाट निस्कने हो । यसकारण म माननीयहरूलाई फेरि पनि बस्न आग्रह गर्दछु । बजेटजस्तो महत्त्वपूर्ण विषयमा छलफल गरौं । र सँगै यहाँहरूका आफ्ना कुराहरू पनि राख्दै जाऊँ । संवाद पनि अगाडि बढाऊँ । म माननीयहरूलाई बस्न आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिनुभएको ।)

**सम्माननीय अध्यक्ष**:- माननीयहरू मोबाइल नबजाऊँ । साइलेन्टमा राखुस् । म माननीयहरूलाई फेरि पनि आग्रह गर्दछु । यतिबेला हामी बजेटको विनियोजन विधेयकमा छलफल गर्ने कार्यसूचीमा छौं । र बजेटको संवेदनशीलता यहाँहरूलाई पनि अवगत भएकै कुरा हो । यसो हुँदा यो विषयलाई सहज ढङ्गले अगाडि बढाउनको लागि फेरि पनि बस्न म आग्रह गर्दछु ।

माननीयहरू बसेर यो बैठकलाई सुचारु गर्न आफ्नो आसन ग्रहण गर्नको लागि म फेरि पनि आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिनुभएको ।)

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार २२ गते शुक्रवार दिनको १२ बजेर २९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असार २२ गते सोमवार दिनको १२ बजेर २९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १३:२० बजे ।**